आज मिति २०८१।०६।०६ गते (ने.स. ११४४ जंलाय्व पञ्चमी) आईतबारका दिन दिनको ४:०० बजे अन्नपूर्ण गाउँपालिका स्यान्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को सातौं बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल।

कार्यपालिका बैठक मिति : २०८१।०६।०६ गते

समय : दिनको ४:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०६।०५ गते

**मिति २०८१।०६।०६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु**

प्रस्ताव नं १ पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलन सम्बन्धमा

प्रस्ताव नं. २ गाउँपालिका भित्र चल्ने सवारीसाधन सुचिकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं ३ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ संसोधन सम्बन्धमा ।

प्रस्ताव नं ४ नारच्याङ स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालन अनुमति सम्बन्धमा ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा गाउँ कार्यपालिकाको मिति २०८१।०६।०१ गतेको कार्यपालिका बैठकले "पुनहिलमा क्यान्टिङ सञ्चालन र प्रवेश शुल्क संकलन" गर्ने आयठेक्का व्यवस्थापन गर्न रु ४९,५०,०००/- ( अक्षरुपी उन्पचास लाख पचास हजार रुपैया) न्यूनतम अंक तोकी ५ दिनको सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्र नपरेकाले पुन ३ दिनको म्याद राखेर सूचना प्रकाशन गर्ने ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा गाउँपालिकाको आर्थिक ऐन, २०८१ ले निर्धारण गरेको स्थानीय सडक उपयोग सेवा शुल्क उठाउने । यसको लागि अन्नपूर्ण गाउँपालिका भित्र नियमित रुपमा चल्ने सवारी साधनहरुलाई सुचिकृत गर्नको लागि १५ दिनको म्याद राखेर सूचना प्रकाशन गर्ने।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ को तपसिलको बुदाहरुमा संशोधन गरी राजपत्रमा प्रकाशन गर्ने ।

- दफा ४ को उपदफा (३) क. मा रहेको 'शैक्षिक योग्यता वापत ६० अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्वितीय श्रेणी वापत ६०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाको आधारमा)' को सट्टामा 'शैक्षिक योग्यत वापत १७ अंक कायम गरी तपसिल बमोजिम कायम गर्ने ।'

| सि.न. | श्रेणी | प्रतिशत | अंक |
|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | श्रेणी ८० % वा सो भन्दा माथी, ३.७ GPA वा सो भन्दा माथी | १७ |
| २ | प्रथम श्रेणी | ६० %- ७९ % सम्म, ३.० GPA- ३.६९ GPA सम्म | १५ |
| ३ | द्वितिय श्रेणी | ४५ %-५९ % सम्म, २.७ GPA-२.९९ GPA सम्म | १३ |
| ४ | तृतीय श्रेणी | ४५ % भन्दा तल, २.७ G fa भन्दा कम | ११ |

- दफा ४ को उपदफा (३) ख.मा रहेको 'कार्य अनुभव वापत १० अंक (प्रति बर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।' को सट्टामा 'कार्य अनुभव वापत ३ अंककार दरले सम्बन्धित सेवा समुहको न्यूनतम शैक्षिक उपाधि गरेपश्चातको अनुभवमात्र मान्य हुनेछ ।(प्रमाणित वितरण संलग्न भएको हुनुपर्ने)' भन्ने वाक्यांश कायम गर्ने ।

- दफा ४ को उपदफा (३) ग.मा '३. सम्बन्धित प्रदेशको वासिन्दा भएकोमा ३ अंक र ४. अन्य प्रदेशको वासिन्दा भएका १ अंक' थप गर्ने ।

- दफा ४ को उपदफा (३) ग पछि ' ग१. लिखित परीक्षा : गण्डकी प्रदेश लोकसेवा आयोगले सम्बन्धित सेवा समुहका लागि निर्धारण गरेको लिखित परीक्षाको पाठ्यक्रम बमोजिम लिखित परीक्षा गर्ने सक्नेछ । ' थप गर्ने ।

- दफा ६ को उपदफा (१) मा रहेको ' दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारहरु दफा (५) बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेद्वारहरुको रोल नम्बर, नामथर, ठेगाना, काम गर्ने तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सुचिकरण वितरण प्रकाशन गर्नेछ ।' भन्ने सट्टामा ' दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारहरु दफा (५) बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेद्वारहरुको रोल नम्बर, नामथर, ठेगाना, काम गर्ने तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार संक्षिप्त सुचिकरण विवरण प्रकाशन गर्नेछ ।' भन्ने वाक्यांश कायम गर्ने ।

- दफा ६ को उपदफा (३) मा रहेको 'उपदफा १ बमोजिमका योग्यताक्रममा रहेका उम्मेद्वारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ।' भन्ने सट्टामा 'संक्षिप्त सुचिबाट प्राप्त अंक लिखित र अन्तर्वार्ता समेत अंकलाई आधार मानी अन्तिम नतिजाको योग्यताक्रम प्रकाशन गरि योग्यताक्रममा रहेका उम्मेद्वारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।' भन्ने भन्ने वाक्यांश कायम गर्ने ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा ४ नं वडा कार्यालयको मिति २०८१।०५।३१, चलानी नं १५२ को सिफारिस अनुसार वडा नं ४ मा रहेको नारच्याङ स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालनको लागि आवश्यक पूर्वाधार, जनशक्ति लगायतका सम्पूर्ण मापदण्ड पुरा भएकाले बर्थिङ सेन्टर समेत सञ्चालन गर्न सुचिकरण र अनुमति प्रदान गर्ने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष